शान्तिदीप

शान्ता भट्टराई सुवेदी

शान्तिदीप

(कवितासङ्ग्रह)

शान्ता भट्टराई सुवेदी

प्रकाशक

समीप सुवेदी

श्रीमती पूजा सुवेदी

विराटनगर-४

शान्तिदीप (कवितासङ्ग्रह)

कृति : शान्तिदीप
विधा : कवितासङ्ग्रह

लेखक : शान्ता भट्टराई सुवेदी
०२१–४६०६८८

प्रकाशक : समीप सुवेदी / पूजा सुवेदी
विराटनगर–४, एयरपोर्ट मोड
९८२७०२८८५८

सर्वाधिकार © : कविमा

संस्करण : प्रथम २०८० (१५० प्रति)
टाइपसेटिङ, लेआउट : तुलसी डेस्कटप, विराटनगर, मो. ९८६३७५७५८३
मुद्रक : एम.ए. प्रिन्टर्स, विराटनगर, मो. ९८०७०८८८२०
मूल्य : व्यक्तिगत रु. १५०/–
संस्थागत रु. ३००/–



बुबा, आमाः

स्व. वैजनाथ भट्टराई

स्व. यमुनादेवी भट्टराई

ससुरा, सासू

स्व. पुस्तकराज सुवेदी

श्रीमती डम्बरकुमारी सुवेदी

पति

स्व. शङ्करराज सुवेदी

मा

समर्पण

‘शान्तिदीप’भित्रका कविताको रस-भाव-सौन्दर्य

- दधिराज सुवेदी

तेह्रथुमका वैजनाथ भट्टराई आफ्नो समयका अत्यन्तै बौद्धिक, प्रतिभाशाली र लोकमान्यता प्राप्त विद्वान् थिए। पूर्वीय दर्शनमा गहिरो ज्ञान राख्ने उनले वैजनाथगीता र पञ्चदशी भाष्यजस्ता स्थूलकाय कृतिहरू लेखेर आफूलाई मर्यादित तुल्याएका थिए। उनकी धर्मपत्नी यमुना भट्टराई पनि लोकमर्यादा जानेकी शील, गुण र मर्यादायुक्त आदर्श नारी थिइन् । यिनका पवित्र कोखबाट विद्या, बुद्धि, ज्ञान, सीप र प्रतिभा सम्पन्न ६ भाइ छोरा प्रा. विश्वनाथ भट्टराई (साहित्यकार), डमरुबल्लभ भट्टराई (पूर्वसचिव), योगेश्वर भट्टराई (कवि), डा. हरिराज भट्टराई (साहित्यकार), एकराज भट्टराई (प्रध्यापक), विज्ञान भट्टराई (सामाजिक अभियन्ता) र छोरीहरू राधा घिमिरे (समाजसेवी), कविता चापागाईं (साहित्यकार), शान्ता सुवेदी (अर्थशास्त्री एवं कवि) का रूपमा प्रख्यात बन्न पुगे। अर्थात् यी सबै वैजनाथका सन्ततिले कुल र मूलको मर्यादा राख्ने सफलता प्राप्त गरे।

सन्दर्भ हो - २०१५ साल पुस १० गते तेह्रथुममा जन्मिएर त्रि.वि.वि. बाट अर्थशास्त्रमा एम.ए. गरी नेपाल विद्युत प्राधिकरणको उपल्लो दर्जामा २६ वर्ष सेवा गरी स्वेच्छिक अवकाश प्राप्त विदूषी शान्ता सुवेदीको । भट्टराई कुलमा जन्मिएर वैवाहिक कारणले सुवेदी बन्न पुगेकी उनी सानैदेखि कविता, कथा र निबन्ध लेखनमा अभ्यस्त थिइन् । पढाइ, जागिर, व्यवहारिक उल्झन र अस्वस्थताका कारणले उनीभित्रको सिर्जनात्मक प्रतिभाले प्रस्फुटित भएर बाहिरिन पाएन। आज ६५ वर्षको उमेरमा उनका प्रातिभ प्रतिभाले ‘शान्तिदीप’ नामक काव्यकृतिका रूपमा सार्वजनिक हुने अवसर प्राप्त गऱ्यो। त्यसका लागि सर्जक शान्ता सुवेदीलाई बधाई दिँदै ‘गलित नख नन्द केशः’ को अवस्थामा पुग्नुअघि नै नेपाली वाङ्मय जगत्ले यसै अरू धेरै गुणात्मक कृतिहरू पाउनुपर्दछ भन्ने हार्दिक शुभेच्छाका साथ अभिलाषा राख्दछु।

‘शान्तिदीप’ शान्ता सुवेदीको भर्खरै लेखिएर प्रकाशनमा आएको ५२ समसामयिक कविताहरूको सङ्ग्रह हो । यसमा कविले विशेषतः युगबोध र जीवनबोधलाई अगाडि सार्ने प्रयत्न गरेकी छन् । उनका कवितामा बौद्धिकताको

व्यापकता पाइन्छ । उनी सरल भाव र भाषामा आफ्ना विचारहरू पाठकसमक्ष राख्न सिपालु कवि हुन् भन्ने कुरा 'आमाको सम्झना' शीर्षक कविताको यो रोमाण्टिक उद्धरणले पुष्टि गर्दछ । उनी लेख्छिन् -

"सुकेका यी आत्माहरूलाई
न्यानो हातले सुम्सुम्याउँने गर
आऊ, चमेलीलाई चुम्बन गर"

कविताको शीर्षक बिर्सेर यो कविताङ्श पढ्ने हो भने हामी बैँस र वसन्तको नजिक पुगेर रोमान्सको दुनियाँमा प्रवेश गर्न सक्तछौँ तर शीर्षकले हामीलाई सचेत तुल्याएको छ, नैतिकताको पाठ पढाएको छ र हामी होसियार बन्न पुगेका छौँ। कविको सिर्जनात्मक सफलता नै यसैमा छ ।

शान्ताका कवितामा शब्द, वाक्य र प्रस्तुति मनमोहक रहेका छन् । भावमा गहनता र विचारमा स्पष्टता उनका कविताका विशेषता हुन् । उनी कवितामा अनावश्यक गन्थन गर्दिनन् । थोरै शब्दमा धेरै विचार राख्ने चातुर्यता प्रकट गर्छिन् । यो उनको काव्यकला हो । यसैमा उनको विशेषता सन्निहित रहेको पाइन्छ । उनका शब्द र पदावली शारदीय सागरका लहरजस्ता लाग्दछन् । सागरको सौन्दर्य निखार्न तटमा बसेको कुनै लहडीले ज्ञान, आनन्द र सौन्दर्य एकसाथ ग्रहण गरेजस्तै यी कविताका पाठकले पनि रस-भाव-सौन्दर्य एकसाथ ग्रहण गरिरहेका हुन्छन् । उदाहरणको निमित्त 'छानो हामी बनाउँला' कविताको अन्तिम अंश हेरौँ -

"काँडाका कटुस टोक्दै
छानो हामी बनाउँला
बनुला रानू धर्तीको
मह हामी चटाउँला"

कविताका शब्द सामर्थ्यभित्रको मिठास पनि स्वादिलो छ । हामी मानिस प्रकृतिका काखमा जन्मियौँ, हुर्कियौँ । त्यसैले हामीलाई पूर्णिमाको जून मन पर्छ, उज्यालो र शीतलता पनि मन पर्छ । अमावस्याको अँध्यारो उल्लूलाई बाहेक अरूलाई मन पर्दैन । उल्लू पनि हाम्रा आँखा खोसेर हामीलाई ऊ जस्तै बनाउन चाहन्छ । त्यसैले 'घर फर्केओ' भन्ने कवितामा कविले पूर्णिमाको आह्वान गर्दै उनी लेख्छिन् -

"इन्द्रेनी घेरिदे सारा, पुष्पाञ्जलि उठाइदे
औँसीको रात्रि पल्टाई, पूर्णिमाहरू ल्याइदे ।"

कविभित्र धेरै इच्छा र अभिलाषाहरू छन् । कतै "म टाकुरामा चढ्न पाऊँ" भनिएको छ भने कतै "मेरा यी हातहरूमा भाग्यका रेखाहरू कोरिएका छन्" भन्दै

सुन्दर भविष्यको परिकल्पना गरिएको छ। हामीबाट धर्तीले पसिना मागेको छ भन्दै विदेश जान बन्द गरी आफ्नै पसिनाले स्वदेशको सिञ्चन गर्न पनि आग्रह गरिएको छ। सम्पूर्णमा भन्नुपर्दा सबै तरुणहरूले राष्ट्रकवि घिमिरेको "तन्नेरी हो ! उठन पृथ्वी तीन बित्ता उचाली" लाई आत्मसात् गर्दै राष्ट्रसेवामा समर्पित हुन अभिप्रेरित गरिएको छ।

कवि शान्ता सुवेदीको आग्रह छ - हाम्रा जीवनमा वसन्त प्रवेश गरोस्, सधैँ उत्साह र उमङ्ग छाओस्, सबैका मनमनमा खुशीहरू छताछुल्ल भएर पोखियून् । दुःख, कष्ट, अन्याय, असुविधा, अज्ञानता, अशान्ति आदि पृथ्वीबाट हटून्, 'सर्वे भवन्तु सुखिनः' र 'वसुधैव कुटुम्वकम्'ले सार्थकता पाओस् भन्ने विचारहरू कविता-कृतिमा छरपष्ट भएर छरिएका पाइन्छन्। कविभित्रको सकारात्मक चिन्तनले मौलाउने अवसर प्राप्त गरेको छ।

कवितामा सरलता, स्पष्टता, सरसता, उदारता र व्यापकता रहेको अुनभूति हुन्छ । कविको छाती विशाल छ । उनी शत्रुले पनि मुस्कुराएको हेर्न चाहन्छिन् । 'सत्यमेव जयते' भित्र उनका कविताहरू पुष्पित र पल्लवित भएका पाइन्छन्। उनको भनाइ छ- "सत्यको ढाल भिरेर धर्तीले पसिना मागेको छ" तन्नेरी हातहरूबाट पृथ्वीले हराभरा हुन चाहेको छ। उनका पाठकलाई कविता पढ्दा देवकोटाको 'के नेपाल सानो छ ?' भन्ने निबन्धको सम्झना दिलाउँछ। हृदयमा आफ्नो 'म' र राष्ट्रियताले परिपूर्णता पाउँछ।

कविताले मानवप्रेम, देशभक्ति, राष्ट्रवादी भावना, सांस्कृतिक संस्कार र नेपालीका मौलिक बाजागाजाहरूलाई महत्त्व प्रदान गरेका छन्। सदियौँदेखि अविरल यात्रा गर्दै जताततै शान्त, सौम्य र सुन्दर देख्दै आएको अरुणले आज चीनदेखि सागरसम्म कतै पनि शान्ति र समृद्धि देखेर रोइरहनु परेको छ। यो वर्तमानको यथार्थ हो र कविताको मूल विषय हो। यस्ता गम्भीर विषयले कुन पाठकको मन-मस्तिष्क नछोला र !

धरती जति फराक छ, त्यति नै कविको हृदय पनि फराक हुनुपर्दछ भन्ने वास्तविकता कवि शान्ता सुवेदीलाई राम्ररी थाहा छ । उही धरतीमा 'शान्तिदीप' बालेर जताततै शान्तिको साम्राज्य फिँजाउँन चाहन्छिन्। कविको यस पवित्र भावलाई हामीले आत्मसात् गर्नसके पुनः यस धराधाममा रामराज्य स्थापना हुने थियो । कविभित्रको यस विशाल चिन्तनलाई हाम्रो पनि अभिवादन।

अन्त्यमा यो कविता-सङ्ग्रह जीवन र जगतको पूर्ण अनुभूति रहेछ । जहाँ सकारात्मक सोच र विचारले विजय प्राप्त गरेका रहेछन्। पूर्वीय चिन्तन परम्परामा पारङ्गत बनेका पिताजी वैजनाथ भट्टराईको संस्कार र संस्कृतिले उजिलिएको कवि

मन शान्तिदीप बनेर प्रज्ज्वलित भयो र हामी पाठकलाई पनि आलोकित तुल्यायो। शान्ताको यो प्रदीप्त प्रतिभा यति मै सीमित नहोस्, सधैँ घाम र जून बनेर पूर्वीय चिन्तनको आकाशलाई अझ प्रदीप्त तुल्याइरहोस् भन्ने शुभेच्छा प्रकट गर्दै आजलाई विश्राम लिन्छु। अस्तु।

विराटनगर-३, गोधूलिमार्ग
वन कार्यालय उत्तर
९७४६८९९२४४

•••

शान्तिदीपलाई शुभकामना

- बलराम पोखरेल

विराटनगर-३

कवि शान्ता भट्टराई सुवेदीले शान्तिदीप नाउँ राखेर सजाउनु भएको काव्यात्मक फूलबारी अत्यन्त आकर्षक र मनमोहक बन्न गएको छ। सानो र मिठास भरिएको छ। एकपछि अर्को पढ्दै जाँदा सबै कविता आहा ! भनेर पाठकले आफ्नो अनुहार र मन उज्यालो पार्नुपर्ने खालका नै छन्। कविताको यो सङ्ग्रह साँच्चै शान्तिदीपको ज्योति बनेको छ भन्न मन लाग्छ।

पिता वैजनाथ भट्टराईकी सुपुत्रीले काव्यात्मक भावुकतालाई सर्लक्कै पिताबाट तान्न सक्नु भएको छ। कवि शान्ता भट्टराई सुवेदीले कवितामा सटिक बिम्बहरूको प्रयोग पनि असल शिल्पीकै उचाइमा पुगेरै गर्नुभएको छ।

पहिलो कविता 'कर्तव्य' छोटो छ तर उत्कृष्ट छ। अरू पनि छोटा आकारका कविता सबै पूर्ण छन्। अन्तिम कविता 'फूलै फूलमा' ठिक्कको आकार र आकृतिमा छ र पूर्ण पनि छ। कुनै कविता पनि अपूर्ण र अधुरा छैनन्। कविले आफ्नो मनको उद्गार सर्लक्कै राख्न सकेकोमा पाठकको मन अल्हादित र प्रफुल्लित हुन्छ।

कविको मन हारेको छैन। जीवनलाई समाजको ज्योति बनाएर जिउने अभिलाशा कविभित्र अटाइ नअटाइ भरिएर रहेको प्रष्ट बुझिन्छ। कविको भावना छचल्किएको छ र समाजलाई प्रकाशित पार्ने सोच कवितामा सलल्ल बगेको छ।

'यो सौगत हो' शीर्षक भएको कविता एक अनौठो मित्र मिलनको रमाइलोमा रमाउने सन्देश बोकेर आएको छ। 'यो फ्रेन्डसिप डे हो' भन्दै हामी सबै एकअर्काका मित्र बनौँ भनेर लडाइँ, झगडा, काटाकाट र मारामारको तिक्तताबाट पन्साउने उद्देश्यमा रचिएको यो कविता सुन्दर अति सुन्दर छ।

कविलाई धेरै धेरै शुभकामना छ। मनका भावहरू नओइलाउन्। एकपछि अर्को कृतिले जन्म लेओस्। कविताको बेगले कवि शान्तालाई बगाइरहोस् भन्दै अविरल कविताहरू आइरहून् भन्ने कामना गर्दछु। शुभमस्तु, इति ॐ।

•••

थोरै निवेदन

पिताजी स्व. पं. वैजनाथ भट्टराई सधैँ छन्दोबद्ध मीठो स्वरमा लय तथा भाकामा संस्कृतका श्लोकहरू गुनगुनाइ रहनुहुन्थ्यो। जहाँ पनि जसलाई पनि र जतिसुकै बेला पनि अर्ती र उपदेश गर्दा दृष्टान्त दिएर श्लोक तथा कविताहरू मीठो स्वरमा गाएको सुन्दा सबै मुग्ध हुन्थ्यौँ। बाल्यकालमा पिताजीको श्लोकहरूबाट म अत्यन्त नै प्रभावित हुन्थेँ। सुनिरहन्थेँ।

सरस्वती प्राइमरी स्कुल पानबारी र शारदा बालिका स्कुल धरान पढ्दादेखि नै म अतिरिक्त क्रियाकलापमा सहभागी हुन्थेँ र पुरस्कृत पनि हुन्थेँ, तर त्यतिबेला मैले कविता भने लेखेकी थिइँन। २०३७ सालपछि मनका भावनाहरू, तरङ्गहरू कहिलेकाहीँ कागजमा उतारेर राख्दथेँ। यो कुरा ससुरा बुबा स्व. पुस्तकराज सुवेदीले थाहा पाउनु भएको रहेछ र भू.पू. प्रधानमन्त्री श्री नगेन्द्रप्रसाद रिजालसँग कुरा गर्नु भएको रहेछ। ससुरा बुबा विद्वान् र मेहनती व्यक्ति जोसुकैलाई पनि अत्यन्त नै श्रद्धा र हौसला दिनुहुन्थ्यो। आफ्नो पहिलो घरबार विधाताले भताभुङ्ग पारेपछि 'पहाडी जीवन' नामक सानु ग्रन्थ लेखेर त्यसमा आफ्ना आँसुहरू पोख्नुभएको रहेछ।

एकदिन बुबाले "प्रधानमन्त्रीले तिमीले लेखेको कविता सुन्न चाहनु भएको छ, कविता सुनाउनुपर्छ" भन्नुभयो। २/४ दिन पछि मैले एउटा कविता लेखेँ। बुबा र प्रधानमन्त्रीलाई सुनाएँ। उक्त कविता वाचन गरेको सुनेपछि उहाँहरूले मलाई लोकसेवा आयोगको परीक्षा दिन जोड गर्नुभयो, हौसला दिनुभयो। त्यो मैले प्रथम पटक वाचन गरेको कविता थियो। त्यो कविता मैले राखिन। के लेखेकी थिएँ, अहिले मलाई सम्झना छैन। तर यति सम्झना छ – त्यो कविता राष्ट्रप्रेमले ओतप्रोत भएको प्रतीकात्मक कविता थियो।

२०४५ सालदेखि नेपाल विद्युत प्राधिकरणको सेवामा प्रवेश गरियो। संस्थानको १०औँ वार्षिकोत्सव कविता वाचन प्रतियोगितामा 'छानो हामी बनाउँला' कवितामा प्रथम र ११औँ वार्षिकोत्सवमा 'घर फर्केओ' कवितामा द्वितीय भई पुरस्कृत भएँ। त्यसपछि मनका भावनाहरू कापीमा अझ बढी उतार्दै राख्दै गर्न थालेँ। हौसला झन् बढ्यो। केही कविता ज्योति र विद्युत तरङ्गमा छापिइ सकेका छन्।

२०५८ सालदेखि २०६८ सालसम्म मेरो जीवन अत्यन्तै दुःखद रहेको थियो।

जीवन आँसुमा डुबेको थियो । जीवन भूमरीभित्र थियो, तैपनि नहल्लिई साहसले अगाडि बढेँ। सजावटभन्दा संरक्षण आवश्यक ठानेँ। ठुलो व्यवहार मात्र सम्हाल्दै गएँ। बच्चाहरूको बास रुखमुनि नहोस् भनेर मात्र सोच्दथेँ। दुःखका अनुभूतिहरू कलम र कापीमा पोख्तथेँ।

सुरुका दिनहरूमा त मेरो श्रीमान् स्व. शङ्करराज सुवेदीले मलाई कविता लेख्न त्यति उत्साहित गर्नुभएको थिएन तर मैले आफ्ना भावनाहरू, अनुभूतिहरू कागजमा पोख्दै गएँ, सङ्कलन गर्दै गएँ। पछि गएर उहाँ आफैँ कविताप्रति प्रभावित हुनुभयो। एकदिन उहाँले आफैँ यस्तो कविता लेखेर बच्चाहरूलाई सुनाउनु भएको थियो।

"पढ पढ नानी हो, उमेर छँदा खेरी
नपढेमा नलेखेमा, हलो जोत्नु पर्ला फेरि
कपी कलम बोकेर, मेहनत धेरै गरेर
ज्ञानी गुणी बन है, देशको सेवा गर है।"

यो पुस्तक शान्तिदीप अलि अगाडि नै तयार भए तापनि प्रकाशन हुन सकेको थिएन। दोस्रो वर्षको कोरोनाको बेला कोरोना एवम् निमोनियाबाट म अन्तिम घडीमा पुगेर बाँचेँ। दुई वर्ष आराम गरेपछि मात्र यो पुस्तक छपाउनका लागि अगाडि बढ्न सकेकी छु।

भेटे जति सबै यसमा सङ्कलन गरेर राखेकी छु। पढी गल्ती औँल्याइदिनु हुन म पाठक समक्ष विनम्र अनुरोध गर्दछु।

रात्रीर्गमिष्यति भविष्यति सुप्रभातम्, भास्वानुदेष्यति हसिष्यति पंकजश्रीः ॥
इत्थं विचिन्तयति कोषगते द्विरेफे, हां हन्त, नलिनीम् गजोज्जहार ॥

कमलको मकरन्द रस्वास्वादन गर्दागर्दै उड्नै बिर्सिएर कमललाई नै हात्तीले किल्चेपछि भ्रमरा मरेझैँ यो सानु सङ्ग्रह निकाल्न नै सक्तिनँ कि भन्ने मलाई लागेको थियो, तर सबैको सहयोग, सद्भावबाट यो सङ्ग्रह यहाँहरूको हातमा दिन पाउँदा अत्यन्तै खुशी लागेको छ। यस सानु ग्रन्थलाई हेरी हौसला बढाइ मन्तव्य लेखिदिनुहुने विद्वान् साहित्यकार गुरु दधिराज सुवेदी, गुरु बलराम पोखरेलप्रति आभार व्यक्त गर्दछु। पुस्तक प्रकाशनका लागि स्वस्फूर्त सहयोग गर्ने साहित्यकार विवश पोखरेल, गायत्री चापागाईं, भाइ विपिन निरौला, मेरा दाजुभाइहरू, दिदीबहिनीहरू, भाउजूहरू, सासूआमा, देवरहरू, जेठाजुहरू, देउरानीहरू, छोराहरू, बुहारीहरू, छोरीहरू, ज्वाइँहरू, नन्द आमाजुहरू, भान्जाहरू एवम् शुभेच्छुक र सहयोगी सबैप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

– कवि

•••

कविताक्रम

१.	कर्तव्य	१
२.	सानी छोरी	१
३.	जाऊँ गन्तव्यसम्म	२
४.	आशा	२
५.	समय	३
६.	समयमै आँखा खोलौँ	४
७.	सुकेको वृक्ष	५
८.	इन्द्रा	६
९.	कमल फुलोस् गुलाब फुलोस्	७
१०.	हिमाललाई	८
११.	सुब्बेनी भाउजू	९
१२.	आमाको सम्झना	१०
१३.	छोरीको बह	११
१४.	मुस्कान लिएर जाऊ	१२
१५.	फर्केर हेर्दै जाऊ	१३
१६.	छानो हामी बनाउँला	१५
१७.	घर फर्केओ	१७
१८.	कर्तव्यका रेखा खिचिएका छन्	१९
१९.	खस्कँदैछन् हाम्रा पाइलाहरू	२०
२०.	धर्तीले पसिना मागेको छ	२१
२१.	नारी उठ	२४
२२.	सत्य सुन्दर हुन्छ	२५
२३.	रमिता	२६
२४.	भग्नावशेष	२७
२५.	दुःखको दशक	२८
२६.	सन्तान निर्धक्क होउन्	२९
२७.	बुबाको सम्झना	२९
२८.	कोपिला हतासिएकी छन्	३०
२९.	वातावरण बचाऔँ	३१
३०.	शुभकामना	३२
३१.	एक थुँगा फूल	३२
३२.	कुन गन्तव्यमा	३३
३३.	ढल्न लागेको वृक्ष	३४
३४.	उज्याला सोच	३५
३५.	यो सौगात हो	३६
३६.	अरुण रोइरहेको छ	३८
३७.	पितृ मोक्षका लागि	४०
३८.	विरहलाग्दो जिन्दगी	४१
३९.	कोरोनामा तिहार	४२
४०.	शान्तिदीप	४३
४१.	जिन्दगी किनारातिर	४४
४२.	कोरोना हाँसिरहेछ	४५
४३.	धन्य भगवान्	४६
४४.	नातिको फोन	४८
४५.	तिहार–२०७९	४९
४६.	आँसुका भेलहरू	५०
४७.	कपर्दी	५१
४८.	विधवा	५२
४९.	सबैको घर	५३
५०.	मनमा शान्ति	५४
५१.	सुनको टेन्सन	५५
५२.	फूलैफूलमा	५७

कर्तव्य

माइतीका उपदेशहरू
घरभरका आदेशहरू
उपदेश र आदेशको
पवित्र परिधिभित्र
आदर्श र कर्तव्य परायण छ
नारीहरूको जिन्दगी।

•••

सानी छोरी

छोरी... सुमना ...
तिम्रा ती चञ्चल आँखामा,
तिम्रो त्यो चञ्चल बालक्रिडामा
मेरा सुन्दर सपनाहरू कुँदिएका छन्
स्वर्गीय आनन्दका अनुभूतिहरू छन्
हाँस्दै जाऊ तिमी,
खेल्दै जाऊ तिमी,
स्वप्नरेखा बढ्दै जाउन्।

•••

जाऊँ गन्तव्यसम्म

जीवनको लामो गोरेटोमा
नाच्दै गाउँदै जाऊँ हामी
ढिस्का, पर्वत, खोँच भञ्ज्याङ
पार गर्दै जाऊँ आऊ
चिच्याटलाग्दो धूप तापौँ
हुरी-बतासमा नलर्बराऊ
धैर्यतासाथ जानु छँदैछ
गन्तव्यसम्म ...
गन्तव्यसम्म ।

...

आशा

सौगात सुखका राम्रा
मौसमी कुसुम फुलून्
जिन्दगीका हरियाली
आशाका किनारा बढून् ।

घरको ज्योति बोकेर
छुउन् सौर्यको चन्द्रमा
शान्तिको पङ्ख फिँजाई
छरुन् सुवास धर्तीमा ।

...

समय

बगेको खोला समय
सलल्ल बगिजान्छ है
फर्किन्न फर्किन्न बगेको
अमूल्य रत्न गैहाल्छ ।

समय टिलपिल गैहाल्छ
बनेर भूत तर्साउँछ
पवित्र मानव चोला यो
मानव-धर्म अँगालौ ।

समय-सार बुझेर
सुस्तरी पाइला चलाऔँ
समय फर्की आउँदैन
परिश्रम गरौँ उठाऔँ ।

समय रत्न बुझेर
हात र काँध मिलाऔँ
हावाका कण कणमा
ज्योतिको पङ्ख फिँजाऔँ ।

•••

समयमै आँखा खोलौँ

समय बग्यो गयो नि
कठै हरे
समय आउन्न फेरि
गयो गयो
समय छँदा नयनमा
भुमरी बढे
नयन-नानी नछामी
त्यसै भुले
समय-भाव बुझी
सत्कर्म गरे
समयमै सपना
जपना भरे
समय रत्न नबुझी
बहकाउँदा
होमिन्छ जीवन
खाडलमा उता ।

समय छँदा नयनमा
भुमरी बढे
समय गयो भयो
के नयन खुले ।

•••

सुकेको वृक्ष

सुकेको,
गिङ्ग्रीङ्ग परेको
जरा मक्की सकेको,
चाउरिएको,
त्यो वृद्ध रुखलाई
तिमी घृणा नगर
माया गर
माया गर।

त्यसको इतिहास हेर्न सिक
भविष्यको रेखा खिँच
हुरीको एक झोक्का भरीको
घामको एक चिच्याहट भरीको
वर्षाको एक गड्गडाहट भरीको
त्यो वृद्ध वृक्षलाई
घृणा नगर
माया गर।

रूख गर्ल्याम्म नलडुन्जेलसम्म
शीतलता दिइरहने छ
छाया दिइरहने छ
ग्रिङ्ग्रीङ्ग परेको रुखमुनि
फलैचा बनाउँन सकिने छ
त्यो वृद्ध वृक्षलाई
मलजल गर
माया गर।

•••

इन्द्रा

इन्द्रा मेरी
प्यारी साथी
बाल्य जीवन
सँगै बित्यो,
हाँस्थ्यौँ खेल्थ्यौँ
रम्थ्यौँ डुल्थ्यौँ
कैले अलैचे
कैले मेले।
तल्लो बारी
माथिल्लो बारी
खोलावारि
खोलापारि
माइजू माइजू
काल्दिदी भन्दै
खान्थ्यौँ मेल
आँप लहरे
बारीको भोगटे
काव्रो खाँदै
रम्थ्यौँ डुल्थ्यौँ
पङ्ख फिँजाइ
नास्पाति बोटमा
सैसैला खेल्दै
देवीथानको
इमली चाख्दै
नव-भावमा
गाइरहन्थ्यौँ
मनउल्लासमा
उडिरहन्थ्यौँ।

•••

कमल फुलोस् गुलाब फुलोस्

कमल फुलोस्
गुलाव फुलोस्
उर्वरा छाती
बढेर जाओस्।

फुलेको फूललाई
द्यौरालीमा चढाई
लिङ्गाको आलम
बाँधेर जाओस्।

बटुवा दाइले
सँगिनी समाई
पाइलै पाइला
उकाली बढोस्।

उकाली चढी
सुस्केरा लिई
शिरबन्दी फूल
लगाइदेओस्।

•••

हिमाललाई

घेरिदे हिमाल
नेपाललाई
दृष्टि मै एक
नपरिजाओस् ।

पश्चिमी हावा
उत्तरी छाया
दक्षिण पूर्व
ममता नयाँ।

हाँसिदे हिमाल
काखमा च्यापी
नेपाललाई
घुम्टोमा राखी।

ठण्डीमा लाइदे
हिमाली बख्खु
घनघोर वर्षा
घुम ओडाइदे।

हाँस्न दे काखको
लालीलाई खुली
यी छटा राम्रा
बढाइदे ढाकी।

•••

सुब्बेनी भाउजू

टाढाको मेला
झ्याउँकिरी झ्याउँ झ्याउँ
खोल्साको कुवा
बिरालु म्याउँ म्याउँ।

सुब्बेनी भाउजू
लोथर्के हेर्दै
पँधेरी जान्छे
पियास मेट्दै।

झुम्रामा आगो
माथिल्लो घर
ल्याएर फू...फू...
आगो सल्काउँछे।

चिम्टाले सिस्नो
टिपेर ल्याई
ओढाली ढिँडो
भोक मेटाउँछे।

घरको छानो
जूनतारा देख्ने
टाँटीको झ्याल
पराल टेक्ने।

थकाई कामले
मीठो छ निद्रा
प्यारो छ घर
स्वर्ग छ सारा।

•••

आमाको सम्झना

आमा
तिमीलाई धर्तीमा नभेटिए पनि
स्मृतिहरूले भेटिरहौँला
जिउँदा छन् तिम्रा यादहरू
सल्बलाई रहेका हृदयभरि
भक्कानिएका मुटुहरूले
मरेका यी बाँचेकाहरूले
हेरिरहेछौँ अनन्ततिर ...
तिम्रो त्यो दिव्य मुहारलाई
विधिले थाहा नपाइ यहाँ
कुखुराको डाक डाकमा आउने गर
पल पल आई
चियाउँदै गर
छातीभरि छचल्किएको वात्सल्यताले
सुकेका यी आत्माहरूलाई
न्यानो हातले सुम्सुम्याउने गर
आऊ
चमेलीलाई चुम्बन गर।

•••

छोरीको बह

भक्कानो परेको दिल यो
कोसँग पोखुँ यो बह
छैन कोही भनुँ भने
बुझ्दैन अर्थ शब्दको।

क्षमता बुझ्ने छैन
पूरा काँचो कठोर छ
बरु आफैँ भित्र रोएर
कल्पिनु हितकारी छ।

कति भौँतारिएँ खोजे
बुझाउन मनको कुरा
सबै आफ्नै धुनमा मग्न
कसले कसको बुझिदिने ?

दुःख र सुख साँधेर
आफैँमा भोग्नु पर्दछ
रोएर होस् वा हाँसेर
आफैँ सामना गर्नुछ।

म छोरी पसिना पुछ्दै
जीवनसँग लड्नु छ
आकाङ्क्षा दिलका छोप्दै
भुँमरीमा हराउनु छ।

•••

मुस्कान लिएर जाऊ

उठाऊ हात दुई ती
रातो झन्डा फहराउँदै
जाऊ स्वप्न पाउला
मौलाउन हरिया बनी ।

उचाल्छौँ हामी उचाल्छौँ
काँध हात मिलाउँदै
आत्म विश्वास साथ जाऊ
परिश्रम गरिकन ।

शुभकामना तिमीलाई
चुल्ठोमा रातो गुलाब छ
रातो पटुकी बाँधेर
उकाली चढ्नु छ बढ्नु छ ।

मुस्कान लिई जाऊ हे
सँगिनी लौ हसाउँन
पूर्वीय क्षितिजभित्र
लालीगुराँस फुलाउन ।

...

फर्केर हेर्दै जाऊ

ए ! युवा,
उठ,
जाग
जगाऊ
उठ,
अतीतको कथा र व्यथा हेर्दै जाऊ
जाऊ तिमी
वर्तमानलाई सम्हाल्दै जाऊ
होसियार भएर
फर्केर हेर्दै जाऊ ।

ए युवा,
तिमी टाढातिर हेर्दै जाऊ
के तिमीले सुनेका छौ भालु-वाँसको कथाहरू ?
मालिङ्गोको इतिहास हेरेका छौ ?

पानीको खोजीमा
पछ्यौरीले पसिना पुछ्दै
झ्याउँकिरीको झ्याउँ झ्याउँ सुन्दै
दुई धारेतिर झर्ने
जुरेली दिदीको रुवाई सुनेका छौ ?

काँढाका ऐंसेलु दाना टिपेर
सोलीभरि खुवाउने

बहिनी प्रभाको
हात छामेका छौ ?

भोकै तिर्खै
काँढाघारी फाडफुड गर्दै
पाटी बजारको पश्चिम डाँडा पुगी
भुनेभरी भल्लिंडो ल्याएर खुवाउने
काइँली दिदीको विरह बुझेका छौं ?

चिहान डाँडामा
पानीको मुहान फर्काउन
आधा रातमा
लड्दै पड्दै जाने
साँल्दाइको घाउ देखेका छौ ?

तिनजुरे भञ्ज्याङ्गमा
फूलपाती चढाएर
तक्मामा भारी अड्याई
खुइय्य ... एकमुठी सुस्केरा लिने
तन्नेरी र तरुनीका वेदना बुझेका छौ ?

जाऊ तिमी
होसियारी साथ
फर्केर हेर्दै जाऊ
फर्केर हेर्दै जाऊ ।

•••

छानो हामी बनाउँला

पहाडी कन्दराभित्र
उम्री फक्रेको फूललाई
हुरी बतासका झोक्काहरू
ए नहुर्‍याइ द्यौ ।

नलाग चिच्याट लाग्दो
रोषनी नसुकाइ द्यौ
फक्रेको जीवन ज्योति
बादल ए नढाकिद्यौ ।

उल्टेका दुई हातमा
भाग्यरेखा बढाइ द्यौ
शिरको सुनको फूलमा
जिम्मेवारी लगाई द्यौ ।

उड्न द्यौ नभमा जान्छु
शान्ति शङ्ख बजाउँदै
वीरका अस्तु बोकेर
हेर्न दूर कथा व्यथा ।

अँधेरी चिरी राँकोले
कुवाको पानी राखिद्यौ
चिम्टाले टिपेर सिस्नो
ओडाली ढिँडो राखिद्यौ ।

बस्तिन बस्तिन शान्ति
छैन गुँड म ताक्दछु
छोपी बचरा पङ्खले
गुलेलीबाट बच्दछु।

नरोओ डाको छोडेर
खोल्सा ए पखेराहरू,
चिप्लेटी ढुङ्गो नरोए
फर्किन्छन् बटोहीहरू।

सारङ्गी र विनायोमा
लय दिन म आउँला
कपर्दी हेर्न आउँला
सुसेल्दै बर-बोटमा।

कस्तुरी-मृग नाचेको
डाँफे सम्झी म आउँला
नरोए ऐँसेलु दाना
डण्डी-बियो म फर्कुला।

नजिस्क्या सँगिनी इन्द्रा
आउँला जुनकिरी बनी
अँधेरी चिर्न आउँला
पिई सञ्जीवनी बुटी।

काँडाका कटुस टोक्दै
छानो हामी बनाउँला
बनुला रानू धर्तीको
मह हामी चटाउँला।

•••

घर फर्केओ

फर्केओ घर फर्केओ
रुन्छिन् आमा धुरु-धुरु
चरक्क छाती चिरिन्छ,
हेर्छिन् उता पुलु-पुलु ।

दश-धारा पिई हुर्क्यौं
आमाको न्यानो काखमा,
मायाको पछ्यौरी ओढी,
बढ्यौ चौडा मझेरीमा ।

आमाका सपना बोकी
हिँड ए कर्मभूमिमा,
विचित्र सौन्दर्यतामा,
भेटिन्छ मणि क्षारमा ।

लालना पालना तिम्रो
कत्रो सङ्ग्राममा पर्‍यो,
बोकेर पिठ्यूमा हाय,
ठूलो सङ्कष्ठ मेटियो ।

सपनामा नबिलाओस्
वीरको गति-दुर्गति
आमाको काख नै प्यारो
झुक्छन् सबै विसङ्गति ।

पुत्र हो घर फर्केओ
दिल रोए कति यहाँ
पुत्र सम्झेर आमाको
दिल भक्कानियो यहाँ ।

पुर्खाका मृत आत्माले
आशीर्वाद समेट्‌दछन्
वसन्तका मुना राम्रा
स्वर्गका चरी बन्दछन्।

द्यौराली सुस्त मुस्काई
तिमीलाई पुकार्दछ
आलम शिरको उन्को
तिमीलाई गुहार्दछ।

सुस्ताए आमाका आँखा
सुस्त भो पखेरा वन
ठप्प ठप्प भएको छ
नभमा पवन किन ?

कोशी, कर्णाली, गण्डकी
तिमीलाई बोलाउँछन्
चाँदीका टल्कने शिखर,
तिमीलाई ललाउँछन्।

झस्केओ सपनाबाट
विपनामा सजाउ हे,
रमाउ जिन्दगी भित्र,
आँगनी मै भुलाउ हे !

इन्द्रेनी घेरिदे सारा
पुष्पाञ्जलि उठाइदे
औँसीको रात्रि पल्टाई
पूर्णिमाहरू ल्याइदे।

•••

कर्तव्यका रेखा खिचिएका छन्

सेतो कागजमा
रातो मसीले
सरर्र ... ...
सरर्र ... ...
नीब सरिरहोस्
भावनाको वेगमा
शीतलताको वेगमा
शीतलता बोकेर
न लर्बराई
न हड्बडाई
एकसुर भएर
म टाकुरामा चढ्न पाउँ।

मेरा यी दुई हातहरूमा
धेरै रेखाहरू कोरिएका छन्
कर्तव्यका
अनि, जिम्मेवारीका
झरनाको झन्कार सुन्दै
नदीहरूमा पौडिएर
छर्न पाउँ
म अनन्त किरणहरू।

•••

खस्कँदैछन् हाम्रा पाइलाहरू

हामी पाइलाहरूले टेक्न पाऊँ
तर खस्कँदैछन्
खस्कँदैछन्
खस्कँदैछन् हाम्रा पाइलाहरू ।

हामी,
हामी हातहरूले मात्र समाउन पाऊँ
तर ... ...
तर ... ...
तर मक्किँदैछन् हाम्रा हातहरू
हाम्रा सहाराहरू
फेरि,
फेरि पनि चैत्रको भुमरी पो आउने हो कि
हुऱ्याउँन
जिन्दगीलाई ।

२०५६ सालको सुनौलो प्रभातसँगै
उर्लिएर आउन् हाम्रा उत्साहहरू
उमङ्ग र जोशहरू
होस् रहोस्
भरोस् गरोस्
छताछुल्ल होउन् खुशीहरू
लहलह भएर
हल्लिरहून् नव पालुवाहरू ।

•••

धर्तीले पसिना मागेको छ

यी नेपाल आमा
आफ्नो वक्षस्थलमा
विध्वंस होइन
रक्तपात होइन
सत्य चाहन्छिन्
सुन्दर चाहन्छिन्
अनि,
अनि, शान्ति चाहन्छिन्।

यस धर्तीले मागेको छ
वीरका पसिनाहरू
वीरका विवेक र बुद्धिहरू
वीरका सिर्जना र शैलीहरू
अनि,
अनि, वीरका उत्साह र उमङ्गहरू।

वीभत्सता होइन,
चीत्कार होइन
आँधी र हुरी होइन
धर्तीले आफ्नैपन मागेको छ
आफ्नै साज-सज्जा मागेको छ
अनि,
अनि, आफ्नै जीवन्त हरियाली मागेको छ।

हामी अगाडि बढौँ
पछाडि हेर्दै
शहीदहरूका रगतले सजिएका
इतिहासका पानाहरू नियाल्दै
परिश्रम गरौँ
सत्यको ढाल भिरेर
धर्तीले पसिना मागेको छ ।

हाम्रो पाखुरी पाखुरीमा
तातो रगत सल्वलाइरहोस्
मुर्चुङ्गा र सारङ्गीमा
मादल र मुरलीमा
शान्तिको गीत गुञ्जिरहोस्
अनि,
अनि, यहाँ
सुनौलो प्रभात आइरहोस् ।

जोश र जाँगरले भरिएका
हाम्रा वीर हातहरूमा
रातो झन्डा फरफराइरहोस्
कस्तुरी मृग उफ्रने पहाडहरू
कोइली डाँफे र मुनाल नाच्ने
हाम्रा वन जङ्गल र झाडीहरू
झ्याङ्गिदै जाऊन्
मौलाउँदै जाऊन् ।

तराईका हरिया मैदानहरूमा
अन्नको राशि बढिरहोस्
हाम्रा झरना, ताल र नदीहरूमा
पानी छताछुल्ल भइरहोस् ।

'भष्मी भुतस्य देहस्य पुनरागमनं कुत' ... ... होइन
आर्तनादहरूको घाउमा मलम लगाई
पाखुरीमा शक्ति लिएर
चन्द्रमालाई छुन सकौँ
अगाडि बढौँ
धर्तीले पसिना मागेको छ।

'ऋणं कृत्वा घृतं पिवेत्' होइन
यस सुन्दर सिर्जनालाई
युगौँ युगसम्म
लुकाइ राखौँ
सजाइ राखौँ
बचाइ राखौँ
परिश्रम गरौँ
अगाडि बढौँ
धर्तीले पसिना मागेको छ।

कोलाहलमा होम्मिएका
भोका, नाङ्गा र जीर्ण अस्थिपञ्जरहरूलाई हेर्दै
मानव-धर्मको पङ्ख फिँजाई
शान्तिको शङ्खनाद गर्दै उडौँ
चारै दिशामा घन्किरहोस्
शान्तिको शङ्खनाद
धर्तीले पसिना मागेको छ।

•••

नारी उठ

नारी !
तिमी धर्ती हौ
उठ तिमी
हौसलासाथ
सावधानीपूर्वक उठ ।

उता हेर त
सुनौला प्रभात, अनन्त रोशनीहरू
तिम्रो शिरमा
पशुपतिको गजुर राखिएको छ
त्यसैले त
अब तिमीले निसास्सिनु पर्दैन
गुम्सिनु पर्दैन, पिसिल्टिनु पर्दैन ।

तिम्रा दुई हातहरू
घोप्टिएका छैनन् अब
छाम त
ती हातहरूमा
धेरै भाग्यरेखाहरू खिचिएका छन्
पुर्खाका आशीर्वादहरू घुम्टोभरि सजिएका छन्
तिमी जाऊ
सचेततापूर्वक
तिम्रा हरेक पाइलाहरूमा
अङ्क अङ्कित भएर जाउन् ।

•••

सत्य सुन्दर हुन्छ

सत्य सुन्दर हुन्छ
कोमल हुन्छ
शान्त हुन्छ ।

सत्यमाथि असत्यको जति मोसो लगाए पनि
जति लुकाए पनि
जति छिपाए पनि
आखिर सत्य सत्य नै हुन्छ ।
असत्यको तुँवालोले
सत्यको रङ्ग विगार्न सक्तैन
सत्यको रूप बदल्न सक्तैन
सत्य सत्य नै हो
सत्य सुन्दर, कोमल र शान्त हुन्छ
'सत्यमेव जयते नानृतम्' ।

बक्र हैन
सरल रेखाबाटै
सहज बन्छन्
त्रिभुज र चतुरभुजहरू
अन्य अनगिन्ती बन्छन्
शक्तिशाली भुजहरू
प्रभावशाली भुजहरू ।

•••

रमिता

एकदिन
बिहानी पख
सिरसिर हावा चलिरहेको बेला
आँगनीको हरियो दूबोमा
म पाइलाहरू घुमाउँदै थिएँ
केवल दुई थुँगा रातो फूल टिप्न
तुलसीलाई चढाउँन, शिवजीलाई चढाउन ।
झ्वाट्ट मैले देखेँ
कालो गोमन सर्पलाई
सिसौको फेदमा सलल्ल बगिरहेको
मुखमा भ्यागुतो ट्वार... ट्वार... ट्वार ... ट्वार गर्दै
छटपटाइ रहेको थियो
हेर्दा हेर्दै ट्वार... ट्वार... को आवाज रोकियो
गोमनले सलक्क निल्यो भ्यागुतोलाई
सलल्ल बग्यो, पल्लो घरको गोदामतिर हरायो ।

अर्को दिन फेरि
गोधूलि साँझको बेला
मैले सडकमा देखेँ
दौडिरहेको पाटे झ्याप्ले कुकुरलाई
मुखमा भाले कुखुरो क्याप्प टोकिरहेको

कुकुरको मुखमा परिसकेको भाले
क्वाक... क्वाक... क्वाक... क्वाक... कराइरहेको थियो
छटपटाइरहेको थियो
फुत्कने प्रयास गरिरहेको थियो
मैले त्यसलाई बचाउँन
कुकुरलाई एक ढुङ्गोसम्म पनि हानिन
मैले हेरिरहेँ, रमिता बन्यो
कुकुर टाढा टाढा पुग्यो, अदृश्य भयो।

•••

भग्नावशेष

आमाको सपना
उदाङ्गिएको छाती
र दूधको किम्मत नियाल्दै
प्रकृतिका सुन्दर सिर्जनाहरूमा
सलल्ल सलल्ल बहने वासन्ती हावा
सुन्दर संरचनाहरूको भग्नावशेषसम्म पुग्दा
त्यसै अडिइदिन्छ, दिनचर्या नै बिर्सिदिन्छ
त्यसैले त विशुद्ध हावा खोज्न भौँतारिएकाहरू
पश्चिमी आकाशतिर
टुलुटुलु हेरिरहेका छन्।

टुलुटुलु हेरिरहेका छन्
कल्पनाको संसार
सजाइरहेका छन्
रङ्गाइरहेका छन्।

•••

दुःखको दशक

दुःखको दशकभित्र
धेरै कन्याङ्गकुरुङ्गहरू छन्
धेरै तितरवितरहरू छन्
धेरै भग्नावशेषहरू छन्
जीवन उजाडिएको छ
जगत तुँवालिएको छ
ध्वंस विध्वंस र रक्तपातहरूका खबरहरूसँग
चिच्याहट लाग्दो जिन्दगी
एक दशकसम्म पीपको डुङ्गामा पौडिँदै
रगतका खोल्साहरूभित्र
बल्छीमा माछा मारिरहेछ ।

दुःखको दशकभित्र जिन्दगी
मासु र हाडखोरहरू चपाउँदै
गुलेली हानिरहेछ
शिकार खोजिरहेछ
दुःखको दशकभित्र जिन्दगी
रगतको आँसु चाट्दै
केवल मायाको साङ्लीले बाँधिएको छ
माटोको माया
आमाको माया
मुटुको माया ।

•••

सन्तान निर्धक्क होऊन्

सन्तान हाम्रा सुकुमार हिँड्दछन्
पढी गुनी सत्य समाज रोज्दछन्
पुर्खाको पर्सादी घुमी नियाल्दछन्
उठौँ सजग भै ती उषा रमाउँछिन्।

विशाल कोशी फिँजिई सुसाउँछिन्
गण्डकी भाका भरी गीत गाउँछिन्
कर्णाली विकासका पङ्ख माग्दछिन्
सानी रसिली पनि खुल्न खोज्दछिन्।

वातावरण नै सफा गरिकन
समालौँ राम्रा सिर्जना नयाँ नयाँ
सन्तान प्यारा निर्धक्क होऊन्
लाहाको घरमा तिनलाई नहोमौँ।

•••

बुबाको सम्झना

शिक्षा-अमृत धाराले सन्तान सिँचन गरी
अर्तीका-बैजनीमाला घरघरै छरिवरि,
पूर्वमा शिक्षाको दिव्य ज्योति बाली तिमी गयौ
विधिको ज्वालाले टिप्यो सम्झनामा तिमी रह्यौ।

•••

कोपिला हतासिएकी छन्

गोधूलि साँझमा
हातमा किताब च्यापी
उफ्रँदै गुनगुनाउँदै
स्कुलबाट घर फर्कने
कोपिलाको कलिलो मष्तिस्कले यहाँ
सोचेको छैन ठूला महलहरूलाई
ऐस आरामलाई
सुन्दर लुगा, गहनाहरूलाई
आरामदायक फर्निचरहरूलाई
अनि मिष्ठान्न र फलफूलहरूलाई ।

उनको सुन्दर सपना छ,
सहजता छ सरलता छ
जीवनका न्यूनतम आवश्यकता परिपूर्तिमा
दुईटै पादहरूलाई हाँस्तै खेल्दै अघि बढाई
रम्न चाहने कोपिला
सधैँ शान्त र खुशी रहने कोपिला
हतासिएकी छन् आज
शान्तिको शङ्खनाद गर्न
शान्तिको ज्वाला बोक्न
टाढा ... टाढासम्म ।

•••

वातावरण बचाऔँ

अणु र परमाणुको होडबाजीमा होम्मिएको
भविष्य देख्ने आँखा नभएको
तँछाड मछाड गर्ने
मानवता बिर्सिएको
एक्काइसौं शताब्दीको ए विश्व मानव !
मानव जस्तै बन्न सिक
वशुधैव कुटुम्बकम् ।

सत्यं शिवं र सुन्दरम्को महत्त्व बुझ
विराटनगरी यस कञ्चनस्थलमा
हामी हातेमालो गर्दै
तन, मन र वचनले सत्कर्म गर्न सिकौँ
सहयोग र परोपकार गरौँ
वातावरण स्वच्छ राख्न सिकौँ
वातावरण बचाऔं
वृक्षारोपण गरौँ
स्वमी र पीपल रोपौं
जसले जीवन दिन्छ
शुद्ध रहन, शान्त रहन
र शान्ति दीप बाल्न सिकौँ
शान्ति दीप बाल्न सिकाऔँ।

•••

शुभकामना

शुभकामना शुभकामना तिमीलाई
नववर्ष प्रवेशको शुभकामना
जीवन काँडा र तुषारापात पार गर्दै
उडिरहोस् नव आकाशमा ।

सुख, शान्ति र समृद्धिको शुभकामना
जीवन फुलिरहोस् शुभकामना
जीवन हाँसिरहोस् आफ्नो आँगनीमा
जीवन जीइ रहोस् नेपाली माटोमा ।

•••

एक थुँगा फूल

एक थुँगा फूल टिपी
म गणेशलाई चढाउँन जाँदा
बारीका सयपत्रीहरू सुकिसकेको देखेँ
गमलाका गुलावहरू वैलाइसकेका रहेछन्
काँडामा फक्रेका पल्लो घरका फूलहरू पनि हराइसकेछन्
असारे फूलहरू भागेको खबरले
गोदावरीहरू पनि बिलाएछन्
कमल हिलोमा फुल्न नसकेको सुन्दा
कुञ्जिनीहरू इनारमा खसिसकेछन् ।

•••

कुन गन्तव्यमा

आमा !
बेहोसी भै अत्तालिएर
कपाल फिँजाएर
धुरु धुरु रुँदै
आफ्नो अस्तित्व नै बिर्सिएर
तिमी कहाँ जाँदैछौँ ?
कुन गतिमा जाँदैछौँ ?
कुन दिशातर्फ जाँदैछौँ ?
कुन गन्तव्यमा जाँदैछौँ ?
अनि कुन किनारासम्म जाँदैछौँ ?

नजाऊ आमा फर्क
घरको बत्ती पनि धिपधिप भई निभ्न लागिसकेको छ
तिमीले सजाएका देउरालीहरू रुँदै छन्
तिमीले लिपेका देवीथानहरू रुँदै छन्
हात्ती-खर्कहरू सभा पोखरीहरू
नजिकैका लालीगुराँस र डाँफे मुनालहरू रुँदै छन्
मन्दिर र स्तूप बनाउने कर्मवीरहरू
अनि आँखीझ्याल बनाउने हातहरू रुँदै छन्
फर्क तिम्रा कपूतहरू नशाबाट फर्किने छन्, झस्किने छन्
म त सधैँ तिम्रो न्यानो काखमा
बालक्रीडा गरिरहने छु ।

•••

ढल्न लागेको वृक्ष

छहारी दिई हुर्काई बूढो भो वृक्ष कल्पको
खान लागे जरा ठूला फैलिएका यी वृक्षको ।
सुक्न लाग्यो शरीर् बोक्रा झर्न लागे सबै, अब
झ्याङ्गिएका हरियाली खंगारिन्छ यसै अब ॥

पिलाई दूधका धारा हुर्काइन् स्नेहले भरी
मागेर थालीमा ल्याई खुवाइन् चुम्बनै गरी ।
महासङ्ग्राममा यिन्ले सुसारिन् सावधानीले
शिथिल् शरीर् भयो यिन्को आज हाय कठै हरे ॥

धड्कन् यो मुटुको सुस्त हुन लाग्यो क्रमैसँग
सन्तानमाथिका स्वप्न झर्न लागे बलैसँग ।
ज्यूने भन्ने अभिलाषा वैलाए त्यो मनैभरी
जरा निराशाका आए मौलाउँदै वरिपरि ॥

बटुवा कहाँ विश्राम गर्छ यिनी ढलिन् भने
सन्ध्यामा पन्छीले बास गर्छन् कहाँ लडिन् भने ।
पुत्रका खुशियालीमा भर्छ उल्लास को अब ?
निष्पट्ट अँधियारोमा कस्ले हाय डोऱ्याउँछ ?

सत्यमाथि असत् आए नदिऊँ विजयी हुन
शान्तिमाथि विध्वम्सात्मक कालरात्रि फैलाउँन ।
सँगालौ घरको सुख्ख स्वस्ति शान्ति गरिकन
सजाऔँ खुशीका थालि पाथीभरा हँसाउन ॥

•••

उज्याला सोच

दिउँसो व्यस्तताले भ्याइएन, सम्झिएन, सोचिएन
झमक्कै रात पर्‍यो
हस्याङ्ग-फस्याङ्ग गर्दै
रात परे पनि हामी तातेका छौँ तताउनका लागि
विद्युत शैलीमा
आएका छन् चुहावट नियन्त्रणका
सारगर्भित प्रयासहरू
योजना र प्रतिबद्धताहरू
शान्तिका २/४ कर्मवीर छोराहरूको हातेमालो र अगुवाइले
विद्युत चुहावट रोकिने छ।

समय चुहावट र सोच चुहावटले कोल्टो फेर्ने छ
भोलिको प्रभातसँग
विद्युतको अनौठो ज्योति जगमगाउने छ
१० हजार कर्मचारीहरूको मस्तिष्कमा
सोच विचारहरू उज्याला पलाउने छन्
विद्युत शैलीमा।

नियन्त्रणका मोडेलहरू आउनेछन्
नयाँ नीति, नियम र निर्देशनहरू आउनेछन्
कागजमा मात्र हैन
हातेमालो कार्यक्रममा
विद्युत शैली बनेर।

•••

यो सौगात हो

आज नयाँ क्षितिज आएको छ
अलौकिक प्रभात नयाँ प्रदीप्तज्वाला
मुस्लिएर आएको छ
पुराना खाल्डा खुल्डिहरू पुर्दै
पाइलट प्लान ल्याएको छ
इतिहास समेट्न
यो सौगात हो
यो फ्रेन्डसिप डे हो।

रक्तपात, विभत्स, चीत्कार र कोलाहलले
खित्का छाडेर हाँस्दैन, जिस्क्याउँदैन अब
अँधेरी रातमा छाया बन्दै
उल्टा खुट्टा जोर्न आउने किचकन्नीहरू
मलाई तर्साउँदैनन्
आज नयाँ दिन हो
यो फ्रेन्डसिप डे हो।

रातो झन्डा फहराउने
हाम्रा वीर हातहरूमा आज
कऱ्याङ कुरुङ कऱ्याङ कुरुङ
अस्पष्ट, अदृश्य असोचनीय तर स्वच्छ
धेरै कर्म-रेखाहरू खिचिएका छन्
ज्योतिषीहरू शिक्षाका भावी रेखाहरू देखाउँछन्
मुटु र मिर्गौलाका रोगीहरू स्वास्थ्य रेखाहरू केलाउँछन्
यो नयाँ सौगात हो
यो फ्रेन्डसिप डे हो।

पूर्वीय आकाशमा
उन्मुक्त भावले रानु बनेर

सुरलहरीमा स्वच्छन्द उड्ने चखेवा चखेवीहरू
अब हाँस्न पाउँछन्, नाच्न पाउँछन् अनि बाँच्न पाउँछन्
टायरको कालो मुस्लोमा अब
आँखा अस्पतालको कथा खिचिँदैन
एयरपोर्टको व्यथा कोरिदैन
एम्बुलेन्सको गाना सुनिदैन
नयाँ सुनगाभाका विलौना कुँदिदैन
सडकका ढुङ्गा, मूढा र लाठीहरूको व्यथा
सडकमा सिसाहरूसँग चकनाचूर भइसकेछ
यो सौगात हो
यो फ्रेन्डसिप डे हो।

प्रेतात्माको शान्ति र उद्धारका लागि
हजारौँ आमाको काखमा पोतिएको रगतका लागि
सप्ताह पुराणका धूपबत्ती बाल्दै
आरती गर्दै जाऊ ॐ ... ...
सत्यं शिवं सुन्दरम्।
देउरालीका ध्वजाहरू नच्यातिऊन्
लालीगुराँसका फूलहरू हाँसिरहून् मुस्कुराइरहून्।

अब हिमाल, पहाड र तराईका
गाना, बजाना र नृत्यहरू
जिरो प्वाइन्टको मोडबाट
हातेमालो गर्दै
सारङ्गी, बाँसुरी, मुर्चुङ्गा र मादलहरू
झ्याम्टा ढोलक र नरसिंगाहरू घन्काउँदै
प्रभातफेरिमा जाऊँ
सबैलाई ब्युँझाउन
नयाँ रङ्गमा होली खेल्न
यो सौगात हो
यो फ्रेन्डसिप डे हो।

•••

अरुण रोइरहेको छ

जिरो प्वाइन्टबाट सातघुम्ती हुँदै
भेडेटारको चुचुरोमा सुस्केरा लिँदा
लेउती खोला वरिपरिका
सपनाका झन्कार सुनिन्थे ।

मूलघाटको पुलमा पाइला टेक्दा
तमोर खोला सुसाएर
सुक्क सुक्क रोएको आवाज सुनिन्थ्यो
धनकुटाको छाती छियाछिया भएको देख्दा
वरिपरिका नदी नालाहरूसँग
हिलेको शोकाकुल अवस्थाले
पीडित एवम् जर्जर भएको
मेरो मन मस्तिष्क
वसन्तपुर मग्न भै हल्लिएको देख्न नपाउँदै
पाख्रिबासको खित्का सुनेर
माने भञ्ज्याङ्गतिर मोडिएर हेर्दा
तिब्बतबाट अविरल रूपमा बगेर आएको
अरुण रोइरहेको देखेँ ।

जरायोटार वरिपरिका पहाडहरूले
अरुणलाई सम्झाउँदै छन्
तर अरुण रोइरहेको छ
उसको रोदन रोकिने कुनै उपायै देखिन

गाउँले, भरिया, राजनीतिज्ञ, अर्थशास्त्री सम्झाउँछन्
तैपनि अरुण रोइरहेको छ।

समाजसेवी, व्यापारी, गृहस्थी फकाउँछन्
अरुणको रोदनको वेग थामिदैन
कुइरोको घुम्टो उघ्रिएर
वातावरणलाई सुन्दर पारिसकेको छ
तर अझै पनि अरूण रोइरहेको छ
रोइरहेको छ।

अरुणघाटका माछाहरू
दातृराष्ट्रका प्रतिनिधिहरूलाई मत्स्य नृत्य देखाउँदै
भुलाउन खोजिरहेका छन्
तर कलकल बगेको अरुण
रोइरहेको छ रोइरहेको छ।

•••

कोरोनाको बेला

पितृ मोक्षका लागि

बाबुलाई दागबत्ती दिएर फर्कदा
छोरा समीप
पिच रोडमा तातेका खाली खुट्टाहरू
मनको तातो निभाउन नपाउँदै
पण्डितको आदेशले
सिमन्टीको चिसो भुइँमा
१३ दिनसम्म सेकिन्छन्।

तातेका मनहरू
सेलाउन नपाउँदै
फुलेको भुँडी र सुनिएका हातखुट्टाहरू
डाक्टरको आदेशले
नोवेल अस्पतालको बेडमा
भर्ना भएर
१ महिनासम्म भेटिन्छन्
आफन्तजनहरूसँगै
धर्मविद्हरूसँगै
अब आउने मासिक तिथि
पात्रोमा देखाउँदै
केवल पितृ मोक्षका लागि
केवल पितृ मोक्षका लागि।

•••

विरहलाग्दो जिन्दगी

छतमा साँचेर राखेका
मेरा लकडीहरू, दाउराहरू
कति घाम पानी खाए
हावाहुरीबाट हल्लिए
मक्किएका झ्याम झुरुम भइसके
छतमा लडिरहेछन् लडिरहेछन्।
छतमा सुतिरहेछन् सुतिरहेछन्।
म पनि सँगसँगै मक्किरहेछु
चाउरिएको अनुहार
घाँटीमा सहजता छैन
दाँतले चपाउँन सक्तैन
आँखाका नसाहरूमा पानी सुकिसकेको छ
वानप्रस्थसँगै विरहलाग्दो जिन्दगी
झट्ट खाउँ खान नसक्ने
झट्ट हेरुँ हेर्न नसक्ने
झट्ट हिँडु हिँड्न नसक्ने
सबै शिथिलता
विरहलाग्दो जिन्दगी
विरहलाग्दो जिन्दगी।

•••

कोरोनामा तिहार

जेठो साइँलो सम्झनामा
माइँलो कान्तिपुरमा
काइँलो दाजु अमेरिका
अन्तरे कोरोनामा
कान्छो दाजु बिरामी भै
परे ओछ्यानैमा
दिदीबहिनी माला रोए
भाइ तिहारैमा
कोरोनाले आँसु छर्‍यो
यस पर्वमहाँ
अर्को तिहार झिलिमिली
चारै दाजु बिचमा।
भेट हुँदा हाँसी ठट्टा
दाजुभाइ बिचमा
उट्याङ्ग पट्याङ्ग
हास्यव्यङ्ग्य
रमाइलो गर्छौँ
मेलोमतो दिदीबहिनी परिक्रमा गर्छौँ
पाउदेखि शिरसम्म पुज्छौँ क्रमैसँग
दियो बाली दाजुभाइलाई टीका माला गर्छौँ
दैलोबाट ओखर फाली
चिरञ्जीवी गर्छौँ।

सुख शान्ति समृद्धिमा
भाइ रहिरहून्
माइतीको आँगनीमा
नाच्न पाइरहुँ।

•••

शान्तिदीप

म बचपन सम्झन्छु
उफ्रिउफ्री हिँडेका
उफ्रिउफ्री खेलेका
रमाइला क्षणहरू सम्झन्छु,
उमङ्गहरू, लक्ष्यका उचाइहरू,
खुशीहरू सम्झन्छु,
फूलैफूलहरू, हरियाली वसन्तहरू सम्झन्छु।
अनि,
अनि फेरि झस्कन्छु सम्झेर
निराशाहरू आँसुहरू र अँध्याराहरू
सुकेका फूलहरू
उजाड शिशिर र मरुभूमिहरू
तैपनि आत्मबल लिएर
बालिराखेकी छु
शान्तिका दीपहरू,
शान्तिका अगरबत्तीहरू
मेरो पूजाकोठामा
संघारमा र तुलसीमोठमा
आँगनमा र विश्वशान्तिका ज्वालाहरूमा
विश्वशान्तिका ज्वालाहरूमा।

•••

जिन्दगी किनारातिर

म म भन्दाभन्दै
मेरो मेरो भन्दाभन्दै
जिन्दगी किनारतिर लागिरहेछ
अतीतका मीठा स्मृतिहरू
झलझल यादमा आइरहन्छन्
बुबाआमाको बगैँचामा रम्ने
छ भाइ दाजुहरूको बीचमा
हाँस्ने खेल्ने र उड्ने जिन्दगी
किनारातिर ढल्किरहेछ ।

सरस्वती स्कूल पानबारी पढ्दाका सँगिनीहरू
इन्दिरा, सारङ्गा र मैनाहरू
शारदा बालिका स्कूल धरानका
रेखा, मन्जु र राधाहरू
मीठा सम्झनामा लहराइरहन्छन् ।

गोपाल योन्जनको रङ्गमा
पद्म कन्या कलेज काठमाडौँका
बाँसुरी, गिटारहरू, मादलहरू र ढोलकहरू
तारा थापाले कटर कटरमा ... गाएको क्षण
स्वरले गुञ्जिएको कलेज
म्याकवेथ पढ्न पुस्तकालयमा गएको घडी
फूलका गुच्छा बनेर उनिइरहेछन् सम्झनामा ।

साथी दुर्गा, भगवती र पार्वतीले घच्घच्याइ रहन्छन्
निरन्तर मेरो मन मस्तिष्कलाई ।
साथी मीना पाण्डेलाई रङ्गाएको दिन
सुमन, मन्जु र सरलाको पढ्ने टीम
अच्युतका अर्तीहरूले धपधप बल्दछ
हाम्रो आधारशीला जरा बन्दछ ।

मीठा मीठा सपना सजाएको जिन्दगी
किनारातिर पो लागिरहेछ
उसै उसै यो जिन्दगी
हुत्तिरहेछ हुत्तिरहेछ
किनारतिर लागिरहेछ
किनारातिर लागिरहेछ ।

•••

कोरोना हाँसिरहेछ

छतबाट देखेँ
लामु ठूलो लाश
मेहनतसाथ बाँधिएको
फूलैफूल मालैमाला चढाइएको
घर परिवार रोइरहेछन्
कोरोना हाँसिरहेछ ।

म सधैँ सोधिरहन्थे
उनी कहाँ गइन् ?
विधाताले मेरो अभिलेख नभेटेर
उनको तुरुन्त हेरेछन्
अस्सी/नब्बे जना मलामीको सम्मानमा
त्यो पुष्पयात्रा उनको रहेछ ।

•••

धन्य भगवान्

विराट अस्पतालको भवनभित्र
आइ.सी.यू. कक्षमा
चार वटा इमरजेन्सी पाइपमा बाँधिएर
म लडिरहेछु
लडिरहेछु
सुनसान, चकमन्न
सन्नाटा
स्तब्धता ।

दाजुहरू, दिदीहरू
घर परिवार
सबै विह्वल, हाहाकार
प्लाज्माको खोजीमा ।
माइलो दाजु डमरुवल्लभ भट्टराई
तारातार फोनमा
डा. ज्ञानेन्द्र कार्कीसँग
परिवारका सदस्यहरूसँग
छोरो गोपाल घिमिरे
भाइ प्रेमप्रसाद भट्टराई
डा. ज्ञानेन्द्रकार्कीसँग
स्थिति बुझ्दै
छोरो समीप दौडधुपमा
ज्वाइँ पुष्कर पोखरेल डा. पुरुसँग
घण्टा घण्टाको जानकारी लिँदै
ज्वाइँ विवेक रेग्मी

डा. पुरुको टिमसँग रिपोर्टमा
छिनछिनको अक्सिजन र श्वासप्रश्वासको स्थिति हेर्दै
मलाई बचाउन।

प्लाज्मा पाकेटमा झुण्ड्याइएको छ
चारौँ दिन बिहान नौ/दश बजे
डाक्टरले भन्नुहुन्छ
“आमा रिपोर्ट राम्रो छ,
रिपोर्ट तपाईंको पक्षमा आएको छ।”
दौडादौड
छोरा समीप र ज्वाइँ विवेकले मोबाइल दिनुभयो
मोबाइलमा घण्टी बज्यो आफन्तहरूको
शान्ता तिमीलाई कस्तो छ ?
धेरै नबोल।
फेरि अर्को घण्टी बज्यो
शान्ता तिमीलाई कस्तो छ ?
धेरै नबोल।
देवर गणेश र देउरानी अम्बिकाको फोन आयो
चाँडै राम्रो भएर घर आउनु
अब राम्रो भयो,
अब राम्रो भयो।

सबै आफन्तहरूको फोन आयो
नेपालबाट विदेशबाट
पैसा आए हातमा
पैसा आए खातामा
धन्य भगवान्
धन्य सहयोगी हातहरू।

•••

नातिको फोन

अस्पतालमा आराम गरिरहेकी
मोबाइल फोनमा घण्टी बज्यो
मोबाइल उठाएँ
आमा ! ऐय्या ...
अँ ऐय्या भयो
आमा ! सुई
अँ आमालाई सुई हानेको डाक्टरले ।
आमा, सञ्चो
हो, सञ्चो भयो ।
आमा ! उ ... उता ... कोवा (बारीमा केरा पाकेको छ खाने)
आमा ! स्याउ ? (आमा स्याउ खाने)
आमा ! अना ? (आमा अण्डा खाने)



बाबु, म केही खान्न मलाई यहीँ दिन्छ
स्याउ मात्र बफ्याएर पठाइ दिनु ।
ऊ तीन वर्ष पुग्न लागेको छ
मीठो तोते बोली छ
सावधान सतर्क
घरको गाइड लाइन छ
डोलमणि, घरको मणि छ
भोलि कुलको मणि
समाज र देशको मणि बन्नेछ ।

•••

तिहार–२०७९

यसपालिको तिहार पर्व रमाइलो भयो
दाजुभाइ, दिदीबहिनी भेटघाट भयो
माइलो दाजु कान्तिपुरमा तीन भाइसँगमा
ठूलो दिदी पूजा गरिन् रमाइलो रङ्गमा ।

माइली कान्छी हामी भने परैबाट बस्यौँ
मनैबाट दाजुभाइलाई चिरञ्जीवी गर्‍यौँ
उपहार फूल मिठाई सजाएर थालमा
पूजा गरी माला लगाई ठूलो दिदी घरमा ।

काइलो दाजु अन्तरे र कान्छो दाजु हाम्रा
हाँसी ठट्टा सारै गर्ने कलाकार राम्रा
पिताजीको फूलबारी यो पवित्र छ हाम्रो
फलेका छन् फुलेका छन् स्वर्गद्वारी राम्रो ।

सुशीला ती भाउजूहरू टीका थाप्न आए
गफगाफ सारै मीठा रमाइलो पारे
भान्साघरमा सगाउ पगाउ अगिसरी गरे
अम्बिका र भरत मिलि भान्सा मीठो पारे ।

•••

आँसुका भेलहरू

शान्ता तिमीलाई कस्तो छ अहिले ?
अस्पताल राम्रो रहेछ ज्ञानेन्द्र कार्कीको
मुटुभरि व्यथा छ स्तब्धता छ
'ममी प्राण बच्यो, पैसा गए पनि'
'नमस्ते भाउजू म डाक्टर पुरुसँग बुझिरहन्थें
मृत्युको मुखबाट फुत्केर आउनु भो
महाभारतको सङ्ग्राम जितेर आउनु भो'
केयरफूल पेसेन्ट तपाईले बाँच्न धेरै मेहनत गर्नु भो
डाक्टरले राखुन्जेल बस्नु डिस्चार्ज हुन हतार नगर्नू।
मेरी बहिनीको एकचोटि मुख हेर्न पाउँछु कि !
दिदीलाई कस्तो छ ?
शान्ता नानीलाई कस्तो छ ?
दिदी चाँडै ठीक भएर आउनु
भाउजू अब राम्रो भयो राम्रो भयो
म बुहारीलाई हेर्न जान्छु।
अरू अवाक स्तव्धताहरू छन्
अवाक छन् बुझिदिनु पर्ने स्तव्धताहरू छन्
रोदनहरू छन्, छटपटीहरू छन्।
म तातो पानी खान्छु सिस्टर !
परिहरूले तातो पानी तताएर खुवाए
कोरोनाको दबाइ ब्लड अन्य दवाइहरू
छिन् छिन्मा सिस्टरहरू
टाइम टाइममा डाक्टरहरू।

नेपाल, अमेरिका, अस्ट्रेलिया, क्यानडा
सबै ठाउँमा बगे आफन्तहरूमा आँसुका भेलहरू
आँसुका धारा प्रवाहहरू
भगवान्को कृपा
धन्य भगवान्, म तिम्रा दुई हातहरूमा
यो सारा सृष्टि चलाउने
अदृश्य शक्ति विचित्रको रहेछ।

•••

कपर्दी

हरियो चउरमा,
सिमाना बनाई,
कपर्दी ... कपर्दी .... कपर्दी भन्दै
उल्लास उमङ्गसाथ खेलिने
म कपर्दी खेल
आज मृत्यु शैय्यामा छटपटाइ रहेछु,
ढुकढुकी मात्र बाँकी छ
नाडी छाम्न जान्ने
बचाउन सकिन्छ भन्छन्
तर म आत्तिइरहेछु
कहाँ छ सञ्जिवनी ?
कसले दिन्छ सञ्जिवनी ?
ए नव युवक हो !
मलाई सञ्जिवनी देओ
मलाई बचाओ
म तिमीलाई जीवन दिनेछु।

•••

विधवा

म विधवा
बिस/बाइस वर्षकी भएँ
पतिले मन पराएर किनिदिएका
यी राता साडीचोलाहरू हुन्
बाकस भरी / दराज भरी
यी उनीले मन पराएर किनिदिएका
गहना र श्रृङ्गारहरू हुन् भोजपुरे ढकी भरी
म यिनै लगाउँछु, सजाउँछु
कर्मशील मेरा हातहरूमा
बल भरिँदैछ, उत्पादनशीलता बढ्दै छ
ठूलो निधारमा वीरता र शक्तिको
रातो टीका प्रसाद लगाएर
रातो पटुकीले कम्बरमा हँसिया र खुर्पा बाँधी
ढाकाको रातो चोलो र छिटको रातो गुन्युमा सजिएर निस्किन्छु
नेपाली खुकुरी टल्काउँदै
नेपालको झण्डा फहराउँदै
टुटे, मुढे र विब्ल्याटेको कानेखुशी सुन्दै
म तीनजुरेको उकालो चढ्छु
पूर्वीय आकाश लाम्पोखरीमा
प्रभातफेरी भइरहेछ
कलश यात्रा भइरहेछ
शान्तिका अग्रदूतको रथयात्रामा
म पनि सारथि बनेर
लगाम चलाउँछु
लगाम चलाउँछु।

पाटीसम्म
साँधु गाउँसम्म
अनि
अनि ताप्लेजुङ चढ्ने
दोभानको पुलसम्म
साउनमा हात रङ्गाउने, दिउरे फूलसम्म।

•••

सबैको घर

घर अगाडीको कदम गाछीमा
चाँ...चाँ...चुँ...चुँ गर्छन्
समूह समूहमा
चराचुरुङ्गीहरू।

दुई वर्षसम्म
मुखमा माटो बोकेर ल्यायो
खागोले भेन्टिलेसनमा
सुन्दर घर बनायो
कुकुर घामपानी
यही आएर बस्छ
बिरालो सुत्केरी हुन्
हरेक पल्ट आउँछ।
मुसा रातभरि मिटिङ र निर्णय गर्छन्
अन्न, फलफूल, तरकारी क-कसले खाने
मेसिनको तार र कपडा क-कसले काट्ने
यो सबैको घर हो
यो मूल घर हो।

•••

मनमा शान्ति

ठूलो महल
चौडा आँगन
सुविधा सम्पन्न
महँगो गाडी
ऐस आराम
सजिसजावट
टक्क ... ... ।

स्वतन्त्र र स्वच्छन्द भई
सजिसजावट भएर हिँड्दा पनि
चयन छैन
मनमा शान्ति छैन
मनमा उकुस मुसुक छ
हृदय पोलिरहेछ
मन पाकिरहेछ ।

महत्त्वाकाङ्क्षा
शान्ति चकनाचुर पारिदियो
गाँस, बास र कपासभित्रको
सहज जिन्दगीलाई
खलबल्याइदियो ।
शान्ति भित्रै छ
मनमै छ
आफैँले मात्र देखिन्छ
सन्तोषले मात्र भेटिन्छ
संतोषं परमं सुखम् ।

•••

सुनको टेन्सन

सुख दुःखको साथी
राख्न सजिलो
बोक्न सजिलो
हेर्दा आँखालाई फाइदा
सुनको तिलहरी लगाउँदा
मुटुको ढुकढुकी कमी हुन्छ
स्वास्नीमान्छेहरूको
त्यसैले त नयाँ ठाउँ
नयाँ घर
नयाँ परिवेश र
नयाँ वातावरणमा जाने बेहुलीलाई
तिलहरी लगाई दिइन्छ।

सुन किन्यो
आँखा सजायो
औकात देखायो
तर निद्रा भगायो।

घरमा राखौँ
चोरी हुने डर
लगाएर हिँडौँ
मारिने डर
बैङ्कमा धितो राखौँ

धेरै ब्याज पाक्ने डर
अर्कालाई राख्न दिउँ
“पर हस्तं गतं धनं”
टेन्सनै टेन्सन ।

सुनले केवल आडम्बर मात्र
तर व्यक्तिको औकात देखिन्न
औकात त शिक्षा हो
उसको क्षमता र कार्यशैली
आत्मवल, भावना, रहनसहन
सामाजिक व्यवहार
र परिवेश ।

भनिन्छ
कस्तो परिवेशको व्यक्ति ?
एक तोला सुनले
कटौती गर्छ हाम्रा
जरुरी आवश्यकताहरूलाई
औषधि, दूध, फलफूल, सागपात
लत्ताकपडा र
दालरोटीलाई ।
एक तोला सुन किन्ने पैसाले
टर्दछन् धेरै जरुरी व्यवहारहरू
सुन फजूल
कली
अब नक्कली ।

•••

फूलैफूलमा

धन्य भगवान्
तिम्रा अदृश्य आँखाहरू
मलाई कार दुर्घटनाबाट बचायौ
सप्तकोशीको छालबाट बचायौ
कोभिड १९ बाट बचायौ
भगवान् अब कति बचाउँने ?
म तिम्रो आशीर्वादमा
म तिम्रो हातमा छु,
म फूलैफूलमा, म मालैमाला छु
अबीर केशरीले पुजिएकी छु
तुलसी, वेल र पारिजातले पुजिएकी छु
म शान्तिको शङ्खनाद गरिरहेछु
धुँ ... धुँ ... धुँ ...
शान्तिदीप बालिरहेछु
प्रदीप ज्वाला
आरती गरिरहेछु
पश्चिम फर्किएर
विश्व शान्तिका लागि
ॐ ...
सत्यं शिवं सुन्दरं
सनै बजिरहेछ
नरसिं घन्किरहेछ
मारुनी नाच
नाचिरहेछ
बेलुनहरू आकाशमा उडिरहेछन् ।

•••

कवि सम्बद्ध तस्वीरहरू

कवि शान्ता भट्टराई सुवेदी परिवारजनसँग काठमाडौँमा



माहिलो दाजु डमरुवल्लभ भट्टराई

नेपाल विद्युत प्राधिकरणको वार्षिकोत्सवमा कविता वाचन कार्यक्रममा
कविता वाचन गर्दै।

कविता वाचन गर्दै।

ने.वि.प्रा. को वार्षिकोत्सवमा साहित्यिक कार्यक्रममा कविता वाचन गर्दै ।

साहित्यिक कार्यक्रममा कविता वाचन गर्दै ।

ने.वि.प्रा. को साहित्यिक कार्यक्रममा सहभागी बन्दै ।

विश्व वातावरण दिवसमा भृकुटी मण्डपमा स्टल सञ्चालन गर्दै ।

ने.वि.प्रा.को साहित्यिक कार्यक्रममा सहभागिता।

कवि राष्ट्रिय योजना आयोगबाट विराटनगरमा सञ्चालित तालिम कार्यक्रममा सहभागी हुँदै।

ने.वि.प्रा.का. वार्षिकोत्सवको उपलक्ष्यमा आयोजित ने.वि.प्रा. स्तरीय कविता वाचन प्रतियोगितामा सहभागी हुँदै ।

ने.वि.प्रा. का कार्यकारी निर्देशक श्री कीर्तिचन्द ठाकुरबाट पुरस्कार लिँदै ।

ने.वि.प्रा.का कार्यकारी निर्देशक श्री सन्तबहादुर पुनबाट पुरस्कार लिँदै ।

ने.वि.प्रा. को वार्षिकोत्सवको उपलक्ष्यमा आयोजित
कार्यक्रममा कविता वाचन गर्दै ।

परिवारजनसँग नगरकोटमा ।

बडादशैँको अवसरमा मूल घरमा ।

२०७९ सालको तिहारमा बुहारी तथा दिदीबहिनी, भाउजूहरूसँग

परिवारजन छोरा, बुहारी, छोरी, ज्वाइँ तथा नातिनातिनीहरूसँग

कवि परिचय

नामः	शान्ता भट्टराई सुवेदी
जन्मस्थानः	तेह्रथुम मैवाखोला साँघु
शैक्षिक योग्यताः	एम.ए. (अर्थशास्त्र)
बुबाः	स्व. वैजनाथ भट्टराई
आमाः	स्व. यमुनादेवी भट्टराई
पतिः	स्व. शंकरराज सुवेदी
ससुराः	स्व. पुस्तकराज सुवेदी
सासूः	डम्बर कुमारी सुवेदी
छोराः	समीप सुवेदी
बुहारीः	पूजा सुवेदी
नातिः	सोनेट सुवेदी
छोरी/ ज्वाइँः	सुमना सुवेदी रेग्मी/विवेक रेग्मी
नाति/नातिनीः	अक्षय रेग्मी/सान्वी रेग्मी
पेशाः	स्वेच्छिक अवकाश, नेपाल विद्युत प्राधिकरण

प्रकाशित कृतिः

- शान्तिदीप, २०८० (तपाईंको हातमा)
- अन्य फुटकर विभिन्न पत्रपत्रिकाहरूमा थुप्रै लेख, कविताहरू प्रकाशित ।

सम्मानः

- दीर्घ सेवा पदक, नेपाल विद्युत प्राधिकरण

संलग्नः

विभिन्न सामाजिक सङ्घ संस्थाहरूमा अजीवन तथा साधारण सदस्य ।

सम्पर्कः विराटनगर, ०२१-४६०६८८